आकाशवाणी

प्रमुख समाचार

- वित्त वर्ष 2025-26-मा GDP-मा सात दशमलौ चार प्रतिशत वृद्धिको अनुमान
- नितिन गडकरीले भन्नुभयो, भारत जैव-बिटुमिन उत्पादन गर्ने विश्वमा पहिलो देश
- विदेश मन्त्रीले भेनेजुएलामा हालाको घटनामाथि व्यक्त गर्नुभयो चिन्ता
- प्रधानमन्त्रीले आइतबार सोमनाथ स्वाभिमान पर्वमा भाग लिनुहुने अनि
- छत्तीसगढको सुक्मा जिल्लामा छब्बीसजना नक्सलीले गरे आत्मसमर्पण

---------

- GDP Growth

वास्तविक सकल घरेलू उत्पाद (GDP)-मा वित्त वर्ष 2025-26-मा सात दशमलौ चार प्रतिशतको वृद्धिको अनुमान छ। पछिल्लो वित्त वर्षमा यो वृद्धि दर छह दशमलौ पाँच प्रतिशत थियो। चालू वित्त वर्षका लागि GDP-को पहिलो अग्रिम अनुमानअनुसार वास्तविक GDP-को स्तर दुई सय एक लाख करोड़ रूपियाँभन्दा अधिक रहने अनुमान छ, जबकि 2024-25-का लागि यसको अन्तिम अनुमान एक सय सतासी लाख करोड़ रूपियाँभन्दा अधिक थियो।

सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले भनेको छ, सेवा क्षेत्रमा दह्लिलो वृद्धि, अनुमानित वास्तविक वृद्धि एउटा प्रमुख वाहक हो। मन्त्रालयले भनेको छ, व्यापार, होटल, परिवहन, सञ्चार तथा प्रसारण क्षेत्रसित सम्बन्धित सेवाहरूमा यस वित्त वर्षअवधि सात दशमलौ पाँच प्रतिशतको वृद्धिको अनुमान छ। दोस्रो दर्जाका क्षेत्रमा विनिर्माण र निर्माणमा सात प्रतिशतको वृद्धि दरको अनुमान छ।

--------------------------------------X--------------------------------------

- Gadkari-bitumen

सड़क, परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले भन्नुभयो, भारत वाणिज्यिक रूपमा सड़क निर्माणमा उपयोगी जैव-बिटुमिन उत्पादन गर्ने विश्वमा पहिलो देश बनेको छ। बिटुमिन, हाइड्रोकार्बनको एउटा कालो चिपचिपा मिश्रण हो। यो काँचो तेलबाट प्राप्त हुन्छ अनि यसको उपयोग सड़क निर्माणमा गरिन्छ।

नयाँ दिल्लीमा वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद (CSIR) प्रौद्योगिकी हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै श्री गडकरीले यस ऐतिहासिक उपलब्धिका लागि CSIR-लाई बधाई दिनुभयो। श्री गडकरीले भन्नुभयो, यो पहल पराल जलाउनाले उत्पन्न हुने प्रदूषणलाई कम गर्नमा सहायक हुनेछ। उहाँले भन्नुभयो, जैव-बिटुमिन, विकसित भारत 2047-को दृष्टिकोणको दिशामा एउटा परिवर्तनकारी कदम हो।

--------------------------------------X--------------------------------------

- Jaishankar-Luxembourg

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले भेनेजुएलामा हालाको घटनामाथि भारतको चिन्ता व्यक्त गर्दै सबै पक्षसित त्यहाँका मानिसहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्ने दिशामा काम गर्ने आग्रह गर्नुभयो। डाक्टर जयशंकरले आज लक्जमबर्गमा भारतीय समुदायका मानिसहरूसितको कुराकानीमा यो कुरा भन्नुभयो। उहाँले राजनीतिक, व्यापारिक र तक्नीकी क्षेत्रमा लक्जमबर्गसित भारतको बढ्दो साझेदारीको उल्लेख गर्दै भन्नुभयो........

--------------------------------------X--------------------------------------

- PM Somnath

प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार गुजरातमा सोमनाथ स्वाभिमान पर्वमा भाग लिनुहुनेछ। यस पर्वअन्तर्गत सोमनाथमा वर्षभरि कार्यक्रम आयोजन गरिनेछ। सोमनाथमा भएको पहिलो आक्रमणको यस वर्ष एक हजार वर्ष पूरा भइरहेछ।

सोमनाथ स्वाभिमान पर्व आठदेखि एघार जनवरीसम्म पालन गरिनेछ, जसमा वर्षभरि आध्यात्मिक, सांस्कृतिक र सामाजिक गतिविधिहरू समावेश हुनेछन्। यी उत्सव मन्दिरको जीर्णोद्धारको पचहत्तरौं वर्षगाँठका साथ भइरहेछ। जीर्णोद्धारपछि सरदार बल्लभभाई पटेलको नेतृत्वमा यसको उदघाटन वर्ष 1951-मा भएको थियो।

प्रधानमन्त्रीले हालै आफ्नो लेखमा अतीत आक्रमणकारी इतिहासमा विलिन भयो, तर यो मन्दिर भारतीय जनताको अटूट साहसको प्रमाण बनेर खडा छ भनि लेख्नुभएको छ।

प्रसिद्ध इतिहासकार तथा पद्मश्री पुरस्कारले सम्मानित विष्णु पाण्ड्याले यस अवसरको गहन ऐतिहासिक र सांस्कृतिक महत्वमाथि आफ्नो विचार साझा गर्नुभयो।

----------------------------------------X----------------------------------------

- PM Netanyahu

प्रधानमन्त्री नरेन्द्र मोदीले इज्रायलका आफ्ना समकक्षी बेन्जामिन नेतान्याहूसित फोनमा कुरा गर्नुभयो। उहाँले भारत-इज्रायल रणनीतिक साझेदारीलाई अझ दह्रिलो बनाउने तरिकामाथि चर्चा गर्नुभयो। दुवै नेताले साझा लोकतान्त्रिक मूल्य, गहिरो आपसी विश्वास र दूरदर्शी दृष्टिकोणको आधारमा भारत-इज्रायल रणनीतिक साझेदारीलाई अझ दह्रिलो बनाउन साझा प्राथमिकता चिन्हित गर्नुभयो। उहाँहरूले आतंकवादका सबै रूप र अभिव्यक्तिलाई कुनै हालातमा सहन नगर्ने आफ्नो दृष्टिकोण दोहो्‍याउनुभयो अनि यस खतरासित लड्‌न आफ्नो प्रतिबद्धता दोहो्‍याउनुभयो। दुवै नेताले एकार्कालाई नयाँ वर्षको शुभकामना दिनुभयो अनि दुवै देशका मानिसहरूका लागि शान्ति र समृद्धिको कामना गर्नुभयो।

----------------------------------------X----------------------------------------

- Chhattisgarh Naxalites

छत्तीसगढ़को सुक्मा जिल्लामा आज छब्बीसजना नक्सलीहरूले आत्मसमर्पण गरे, जसमध्ये तेह्रजनाका निम्ति कुल पैंसट लाख रूपियाँको पुरस्कार थियो। पुलिस अधीक्षक किरण चाभनकाअनुसार सातजना महिलासहित यी नक्सलीहरूले पूना मार्गेम पुनर्वास पहलअन्तर्गत वरिष्ठ पुलिस तथा CRPF अधिकारीहरू सामु आत्मसमर्पण गरे। श्री चाभनले भन्नुभयो, यी माओवादी, पीपल्स लिबरेशन गुरिल्ला आर्मी (PLGA)

बटालियन, दक्षिण बस्तर, माड़ र आन्ध्र ओडिशा सीमा प्रभागमा सक्रिय हुनका साथै छत्तीसगढ़को अबूझमाड़, सुक्मा र ओडिशाको सीमावर्ती क्षेत्रमा हिंसाका विभिन्न घटनामा शामेल थिए। नक्सलीहरूअनुसार उनीहरू राज्य सरकारको आत्मसमर्पण तथा पुनर्वास नीतिबाट पनि प्रभावित थिए। आत्मसमर्पण गर्ने सबै नक्सलीहरूलाई पचास-पचास हजार रूपियाँको सहायता दिइयो अनि सरकारको नीतिअनुरूप थप पुनर्स्थापना गरिनेछ।

--------------------------------------X--------------------------------------

- HC Dushyant

दिल्ली उच्च न्यायालयले कंग्रेस र आम आदमी पार्टीसित अंकिता भण्डारी हत्याकाण्डमा भाजपा नेता दुष्यन्त कुमार गौतमसित जोडिएका सबै सोशल मिडिया पोस्ट चौबीस घण्टाभित्र हटाउने निर्देश दिएको छ। श्री दुष्यन्त गौतमद्वारा दायर मानहानिको मामिलामा अन्तरिम आदेश दिँदै न्यायमूर्ति मिनी पुष्कर्णाले दुवै राजनीतिक दलहरूसित भाजपाका राष्ट्रिय सचिवलाई हत्या मामिलामा कथित VIP बताउँदै उहाँलाई लक्षित गर्ने कुनै पनि सामग्री पोस्ट गर्नमाथि रोक लगाउनुभयो। न्यायालयले उर्मिला सनावर र उत्तराखण्ड प्रदेश कंग्रेस समितिसहित अन्य व्यक्ति र संस्थाहरू विरूद्ध पनि अन्तरिम आदेश पारित गऱ्यो। न्यायाधीशले चौबीस घण्टाभित्र सामग्री नहटाइएमा सोशल मिडिया प्लेटफर्म नियमअनुसार यसलाई हटाउने कुरा स्पष्ट पार्नुभयो।

--------------------------------------X--------------------------------------

- NHAI-Record

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण (NHAI)-ले छह लेन भएको बेंगलुरु-कडपा-विजयवाड़ा आर्थिक करिडोरको बनबोलू-वंकरकुंटा खण्डमा बिटुमिनस कंक्रीट बिछ्याएर दुईवटा गिनीज वर्ल्ड रेकर्ड बनाएको छ। सोशल मिडियामा एउटा पोस्टमा, NHAI-ले भनेको छ, तीन सय तीरचालीस किलोमीटर लामो बेंगलुरु-कडपा-विजयवाड़ा आर्थिक करिडोरले कर्नाटक र आन्ध्र प्रदेशबीच अन्तर-राज्यीय सम्पर्कलाई दह्रिलो बनाउनेछ। यसले द्रुत, सुरक्षित र निर्बाध आवागमनको माध्यमबाट व्यापार, पर्यटन र क्षेत्रीय आर्थिक विकासलाई पनि बढ़ावा दिनेछ। प्राधिकरणले भनेको छ, यो रेकर्ड स्थापित उपलब्धिले विश्वस्तरीय राष्ट्रिय राजमार्ग पूर्वाधार विकसित गर्नमा देशको बढ़्दो क्षमता र प्रतिबद्धतालाई दर्शाउँदछ। NHAI-ले भनेको छ, NH पाँच सय चौंवासील G-को

वनवोलू-वंकरकुंटा-ओडुलपल्ली खण्डमा अझ दुईवटा गिनीज वर्ल्ड रेकर्ड बनाउने प्रयास वर्तमानमा जारी छ।

यसैक्रममा, आन्द्र प्रदेशका मुख्यमन्त्री N चन्द्रबाबू नायडूले भन्नुभयो, यो उपलब्धीले भारत सरकारको दृष्टिकोण र केन्द्रिय मन्त्री नितिन गडकरीको नेतृत्वमा विश्व स्तरीय राजमार्ग आधारभुत पूर्वाधारमाथि ध्यान दिनुलाई दर्शाउँदछ। उहाँले अभियन्ता, श्रमिक र स्थलगत टोलीको लगन र कड़ा परिश्रमको प्रसंसा गर्नुभयो। मुख्यमन्त्रीले एघार जनवरीसम्ममा यस करिडोरका प्याकेज दुई र तीनमा अझ दुईवटा गिनीज वर्ल्ड रेकर्ड बनाउने योजना रहेको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- **IICDEM-2026**

तीन दिवसीय भारत अन्तराष्ट्रिय लोकतन्त्र तथा चुनाउ प्रबन्धन सम्मेलन (IICDEM) एक्काइस जनवरीमा नयाँ दिल्लीको भारत मण्डपममा हुनेछ। यो सम्मेलन भारतीय निर्वाचन आयोगको तत्वावधानमा अन्तरराष्ट्रिय लोकतन्त्र तथा चुनाउ प्रबन्धन संस्थान (IIIDEM) तथा लोकतन्त्र एवं चुनावी सहायताका लागि अन्तरराष्ट्रिय संस्थान (IDEA)-को सहयोगमा आयोजन गरिँदैछ।

आज नयाँ दिल्लीमा सम्मेलनको बारेमा मिडियालाई सम्बोधन गर्दै IIIDEM-का महानिदेशक राकेश वर्माले भन्नुभयो, सम्मेलनको विषय समावेशी, शान्तिपूर्ण, सहज र टिकाऊ विश्वका लागि लोकतन्त्र हो। यसबारे बोल्दै उहाँले भन्नुभयो.....
यस अवसरमा श्री वर्माले सम्मेलनको लोगो IICDEM- 2026-को पनि अनावरण गर्नुभयो।

आकाशवाणी समाचारसित कुरा गर्दै महानिदेशक श्री वर्माले भन्नुभयो, विभिन्न चुनावी प्रक्रिया र चुनाउ प्रबन्धन निकाय सामु आउने चुनौतीमाथि विचार-विमर्श बाहेक विभिन्न सत्रको आयोजना पनि गरिनेछ।

--------------------------------------X--------------------------------------